नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाइट: www.daolalitpur.moha.gov.np

पत्र संख्या:
चलानी नं.:

मिति: २०७८/०१/२७

# अनाधिकृत रुपमा होल्ड गरिएका अक्सिजन सिलिण्डरहरु फिर्ता गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना !

विश्वभरी फैलिदैं गईरहेको नयाँ भेरियन्टको कोभड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा काठमाडौं उपत्यकामा समेत संक्रमण तीव्ररुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम, नियन्त्रण, उपचार र व्यवस्थापनको लागि विभिन्न प्रयासहरु हुदै आएको व्यहोरा सबैमा अवगत नै छ । कोभिड–१९ महामारीको रोकथाम तथा संक्रमितको उपचारका लागि अति आवश्यक रहेको मेडिकल अक्सिजन अभाव भई अस्पतालहरुमा विरामीहरुलाई आवश्यक मात्रामा अक्सिजन उपलव्ध हुन नसकेको हालको अवस्थामा बजारमा रहेका मेडिकल अक्सिजनका सिलिण्डरहरु विभिन्न उद्योग, संघ संस्था तथा व्यक्ति समेतले अनावश्यक रुपमा भण्डारण गरेका कारणले त्यस्ता सिलिण्डरहरु अस्पतालमा बिरामीको उपयोगमा ल्याउन नसिकएको बुझिएको हुँदा अस्पताल भन्दा बाहिर अति आवश्यक स्वास्थ्य उपचारको प्रयोजन बाहेकका मेडिकल अक्सिजन सिलिण्डरहरु (खाली वा भरिएका) सम्बन्धित उद्योगमा फिर्ता गराई अस्पतालको प्रयोगमा आउने वातावरण निर्माण गर्नु पर्ने भएकोले मिति २०७८/०१/२६ गते ललितपुर उद्योग बाणिज्य संघ तथा ललितपुर हस्तकला संघका अध्यक्षहरु समेतको सहभागितामा भएको कोभिड-१९ जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) ललितपुरको बैठकको निर्णयानुसार आफुसँग भएका अक्सिजन सिलिण्डरहरु पछि फिर्ता हुने गरी ललितपुर उद्योग बाणिज्य संघ मार्फत वा सोझै सम्बन्धित अक्सिजन उद्योग वा स्थानीय प्रहरी कार्यालयमा बुझाईदिनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

७८।१।२६

ललितकुमार बस्नेत
निमित्त प्रमुख जिल्ला अधिकारी